श्री छहारी सामुदायिक वन उपभोक्ता समूह

मध्यविन्दु न.पा. वडा नं.१५, नवलपरासी(ब.सु.पू.)

सूरज गुरुङ
अध्यक्ष

पत्र संख्याः २०८३/०८४
चलानी नं. :

मितिः२०८३/०८/०१

विषय : सिलवन्दी बोलपत्रद्धारा वन पैदावार (काठ) लिलाम विक्रीको सूचना ।

(सौर्य दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मिति २०८३/०८/०१ गते)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समुहले आ.व. ०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा रहेका तपसिलका लटहरुको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी सिलवन्दी बोलपत्रद्धारा लिलाम गर्नु पर्ने भएकोले प्रथम पटक यो सूचना प्रकाशित गरिएकोछ । गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम विक्री प्रकृयाका लागी गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका र अन्य काठ दाउराको हकमा वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी संञ्चालनमा रहेका उद्योगहरुले **सौर्य दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित** भएको मितिले १५ (पन्ध्र) दिनभित्र डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयबाट प्रत्येक लटको लागी छुट्टा छुट्टै सिलवन्दी बोलपत्र खरीद गरी १६ औं दिन कार्यालय समयभित्र श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. लिलाम हुने गोलिया काठको विवरण

सि.नं.	लट नं.	धाङ नं.	किसिम	जात	ग्रेड	थान	परिमाण (घ.फी.)	न्यूनतम् मूल्य रु.	संकलन खर्च रु.
१	१/०८३/०८४	ढलापडा ३	साल गोलिया	साल	A	१६	३६५.५६	४५६९५०.००	८८८५५.६०
			साल गोलिया		B	१३	२६७.२६	२४०५३४.००	
			साल गोलिया		C	२	२०.५३	१२३१८.००	
			साल गोलिया		D	०	०.००	०.००	
	जम्मा					३१	६५३.३५	७०९८०२.००	८८८५५.६०
२	२/०८३/०८४	ढलापडा ४	साल गोलिया	साल	A	२०	३९६.५८	४९५७२५.००	९१५९६.००
			साल गोलिया		B	१६	२२४.१४	२०१७२६.००	
			साल गोलिया		C	७	५२.७८	३१६६८.००	
			साल गोलिया		D	०	०.००	०.००	
	जम्मा					४३	६७३.५०	७२९११९.००	९१५९६.००
	३/०८३/०८४	पुनरुत्पादन १,४	साल गोलिया	साल	A	१०	१६४.९१	२०६१३७.५०	८२७२०.६४
			साल गोलिया		B	३१	२८२.८४	२५४५५६.००	
			साल गोलिया		C	४२	१६०.४९	९६२९४.००	
			साल गोलिया		D	०	०.००	०.००	
	जम्मा					८३	६०८.२४	५५६९८७.५०	८२७२०.६४

२. यस सूचनाको संक्षिप्त सूचना **सौर्य दैनिक पत्रिकामा दोस्रो पटक** प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र वापत तोकिएको तस्तुर तिरी (पछि फिर्ता नहुने गरी) श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयबाट खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागी प्रोपाइटर आफै उपस्थित नभई प्रतिनीधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदनसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । निवेदनसाथ आवश्यक कागजातहरु (नेपाली

श्री छहारी सामुदायिक वन उपभोक्ता समूह

मध्यविन्दु न.पा. वडा नं.१५, नवलपरासी(ब.सु.पू.)

पत्र संख्याः २०८३/०८४

चलानी नं. :

मितिः२०८३/०८/०१

विषय : सिलवन्दी बोलपत्रद्धारा वन पैदावार (काठ) लिलाम विक्रीको सूचना ।

(सौर्य दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मिति २०८३/०८/०१ गते)

नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नं., कर चुक्ता, उद्योग सूचीकृतको प्रमाण-पत्रको प्रतिलिपी) अनिवार्य संलग्न हुनुपर्नेछ ।

३. बोलपत्र खरिद तथा दाखिला मिति :

क) बोलपत्र खरिद मिति : २०८३/०८/१५ गते सम्म । **ख) बोलपत्र दाखिला मिति** :२०८३/०८/१६ गते कार्यालय समयभित्र ।

४. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

५. बोलपत्रसाथ कवोल गरेको सकार रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको **एन.आइ.एम.वि. बैंक, चोरमारा शाखामा** रहेको **खाता नं. 22301050006323** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस समुहको नाममा खिचिएको बैंक ड्राफ्ट वा **६ महिना अवधीको बैंक जमानत पत्र** मध्ये कुनै एक समावेश हुनुपर्नेछ । बैंक ड्राफ्ट वा जमानतको मिश्रण र नगद धरौटीलाई मान्यता दिईनेछैन ।

६. लिलाम बढाबढ हुने वन पैदावार यस समुहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लगारएर सच्चाएको तथा केरमेट गरी पुनः लेखिएको बोलपत्र मान्य हुनेछैन ।

८. सिलवन्दी बोलपत्रमा लाहा छाप लगाईएको हुनु पर्नेछ । लाहा छापभित्र पर्ने गरी स्टिच लगाउन पाईने छैन ।

९. श्री डिभिजन वन कार्यालय नवलपुरमा दर्ता भएका सिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम् संख्या र रितपूर्क दर्ता भएका बोलपत्रहरु यस समुहको कार्यालयमा प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा नीजको प्रतिनीधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

१०. **बोलपत्र खोल्ने बारेको सूचना यस समुहको कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।**

११. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख हुनुपर्नेछ ।

१२. लिलाम स्विकृति भएको जानकारी कार्यालयको सूचनापाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्र दाताको रहनेछ । बोलपत्र स्विकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम निर्धारित मु.अ. कर, अग्रिम आयकर र संकलन खर्च बुझाई वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

१३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित निकायमा सुरक्षित रहनेछ ।